# बालिका बैंक खाता सञ्चालन कोष सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावनाः** बालबालिकामा हुने लैङ्गिक विभेद कम गर्दै समतामुलक समाज निर्माण गर्नको साथै आर्थिक रुपले सशक्त गराउदैं बालिकाको चौतर्फी विकास गर्ने कार्यको सुरुवातका लागि कोष स्थापना गर्न वाञ्छनीय देखिएकोले माछ्यापुच्छ्रे गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी माछ्यापुच्छ्रे गाउँपालिकाले यो कोष सञ्चालन सम्बन्धी कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"बालिका बैंक खाता सञ्चालन कोष सञ्चालन कार्यविधि, २०७९"** रहेको छ।

(२) यो कार्यविधि माछ्यापुच्छ्रे गाउँपालिका भर तुरुन्त लागु हुनेछ।

(३) यस कार्यविधिको दफा (१) को उपदफा (२) मा जुनसुकै कुरा लेखिएता पनि यो कार्यविधि पारित हुनु अगावै र पहिलो कार्यपालिकाको बैठक बसेको बीचमा जन्मिएका बालिकाहरुको बैंक खाता सञ्चालन यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यालय"** भन्नाले माछ्यापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।
(ख) **"कार्यपालिका"** भन्नाले माछ्यापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।
(ग) **"गाउसभा"** भन्नाले माछ्यापुच्छ्रे गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ।
(घ) **"नवजात बालिका"** भन्नाले जन्मेको २८ दिन सम्मको बालिकालाई सम्झनु पर्दछ।
(ङ) **"कार्यक्रम"** भन्नाले बालिका बैंक खाता सञ्चालन कार्यक्रम सम्झनु पर्दछ।
(च) **"सञ्चालक समिति"** भन्नाले दफा ५ बमोजिमको समिति सम्झनु पर्दछ।
(छ) **"अभिभावक"** भन्नाले बालिकाको आमा-बुवा वा संरक्षक सम्झनु पर्दछ।

३. **विनियोजित रकमको उपयोगः** (१) कार्यक्रमको लागि विनियोजित रकम देहायको कामको लागि उपयोग गरिनेछः-

(क) गाउँपालिका भित्र स्थायी बसोबास गर्ने आमाबाबु बाट बालिकाको जन्म भए पश्चात गाउँपालिकाले तोकेको बैंकमा बालिकाको नाममा वैक खाता खोल्नको लागि रु प्रत्येक बालिका बराबर रु ५०००।— (पाँच हजार) रकम प्रदान गर्न,
(ख) माथिको प्रयोजनको लागि सञ्चालक समितिको बैठक सञ्चालन गर्न,

(२) कार्यक्रमको रकम दफा (३) को उपदफा(१) मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

**४. आवश्यक कागजात र शर्तहरु** (१) बालिकाको बैंक खाता सञ्चालनको लागि देहायका कागजातहरु आवश्यक हुनेछन्;-

(क) वडाको सिफारिस,

(ख) आमा/बुबा वा आमा-बुबा नभए बालिकाको संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) बालिकाको जन्म स्वास्थ्य संस्थाका बर्थिङ सेन्टर वा अस्पलातमा भएको खुल्ने कागजात,

(घ) बालिकाको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) बैंक खाता खोलेको विवरण

(च) अनुसूची-१ बमोजिमको सम्बन्धित व्यक्तिको निवेदन

(२) बालिका जन्मेको एक आर्थिक वर्षभित्र सम्बन्धित बालिकाको नाममा अनिवार्य रुपले गाउँपालिका भित्रको “क” र "ख" वर्गको बैंकमा खाता खोली गाउँपालिका भित्र सोही अवधिभित्र निवेदन पेश गर्नुपर्नेछ।

(३) माथि जुनसुकै कुरा लेखिएतापनि यस कार्यविधि पारित हुनभन्दा अगाडी कार्यपालिकाको पहिलो बैठक बसे पश्चात जन्मेका बालिकाहरुको हकमा बच्चा जन्मेको ५ महिनाभित्र निवेदन पेश गर्नुपर्नेछ।

**५. सञ्चालक समितिको गठन:** (१) नबजात बालिकाको नाममा बैंक खाता सञ्चालन गर्न रकम प्रदान गर्नको लागि एक सञ्चालक समिति रहनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (घ) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (ङ) उपाध्यक्षले तोकेको गाउँ सभा महिला सदस्य | सदस्य |
| (च) पञ्जिकरण हेर्ने शाखा प्रमुख | सदस्य |
| (छ) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

(२) सञ्चालक समितिको सचिवालय गाउँपालिकाको कार्यालयमा रहनेछ।

(३) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**६. सञ्चालक समितिको काम, कर्तब्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नवजात बालिका बैंक खाता सञ्चालनको लागि पेश भएका निवेदन उपर छलफल गर्ने,

(ख) बालिकाको चौतर्फी विकासको लागि आवश्यक पहल गर्ने,

(ग) आवश्यक शर्त र कागजपत्र पुगेका निवेदन अनुरुप बैंक खाता सञ्चालनको लागि आवश्यक रकम उपलब्ध गराउन कार्यालयलाई सिफारिस गर्ने,

(घ) खाता सञ्चालनको लागि प्रदान गरिएको रकमको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

**७. खाता सञ्चालन सम्बन्धमा:** (१) बालिका बैंक खाता सञ्चालन बालिकाको नाममा अभिभावकको दस्तखतबाट सञ्चालन हुनेछ।

**८. रकम निकासा सम्बन्धमा:** बैंक खाता खोल्नको लागि सञ्चालक समितिले कार्यक्रमबाट सम्बन्धित अभिभावकको नाममा रकम निकासा गर्ने निर्णय सहित कार्यालयलाई सिफारिस गर्नेछ।

**९. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार:** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार माछापुच्छ्रे गाउँकार्यपालिकालाई हुनेछ।

## अनुसूची-१
## (दफा ४ को उपदफा (१) खण्ड (च) सँग सम्बन्धित)

### बालिका बैंक खाता सञ्चालनको लागि कार्यालयमा दिईने निवेदन

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की।

**विषयः बालिका बैंक खाता सञ्चालन सम्बन्धमा**

महोदय,

प्रस्तुत विषयका सम्बन्धमा मेरो छोरी/................मिति......................मा यस माछापुच्छ्रे गाउँपालिकाको/अन्य..................................................चौकी/अस्पतालमा जन्मिएको व्यहोरा अवगत गराउँदछु।सो सम्बन्धमा यस गाउँपालिकाको बालिका बैंक खाता सञ्चालन कार्यक्रम अनुसार उपलब्ध हुने सुविधा उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु।साथै तपसिल बमोजिमका आवश्यक कागजातहरु यसै निवेदन साथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

<u>तपसिल</u>

(क) वडाको सिफारिस,
(ख) आमा/बुबा वा आमा बुबा नभए बालिकाको संरक्षको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
(ग) बालिकाको जन्म स्वास्थ्य संस्थामा वा अस्पलातमा भएको भनि खुल्ने कागजात,
(घ) बालिकाको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) बैंक खाता खोलेको विवरण

निवेदक

नाम:

ठेगाना:

बालिका सँगको नाता:

हस्ताक्षर:

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९ भाद्र ०२**

**प्रमाणीकरण मितिः २०७९ भाद्र ०६**

**प्रमाणीकरण गर्ने पदाधिकारीः मिन बहादुर गुरुङ्ग, अध्यक्ष**